# कानूनी परामर्श सहायताका शर्तहरू

JAPAN LEGAL SUPPORT CENTER

Houterasu ले निजी तथा घरेलु मामिलाहरूमा समस्याहरू भएका तर पैसाको अभावले गर्दा वकिलहरू र लेखनदासहरूद्धारा (कानूनी सहायता/कानूनी परामर्शको सहायता) कानूनी सहायता प्राप्त गर्न नसक्ने व्यक्तिहरूलाई निःशुल्क कानूनी परामर्श उपलब्ध गराउँदछ । यो प्रणाली प्रयोग गर्नको लागि देहाय बमोजिमका आवश्यक शर्तहरू पूरा हुनुपर्छ ।

- ✔ आम्दानी र सम्पत्तिहरू निश्चित रकम भन्दा तल हुनु
- ✔ जापानमा ठेगाना भएको र कानूनी रूपमा बस्दै आएका (यद्यपि, तपाईं निवास स्थिति (भिसा) समस्यापूर्ण भई, भिसा सम्बन्धी काम हेर्ने प्रशासकीय निकाय विरूद्ध कानूनी मुद्दा दायर गराएर अदालतमा आफ्नो भिसा पुष्टि गराउन सकिन्छ भने अपवादको रूपमा भिसा नभए तापनि आवश्यक शर्त पूरा भएको ठहर हुनेछ ।)
- ✔ नागरिक कानुन सहायताको उद्देश्यको निरन्तरता।

दुवै मापदण्ड A र मापदण्ड B पूरा हुनुपर्छ।

## मापदण्ड A आम्दानी आदि निश्चित रकम भन्दा कम हुनु

श्रीमान र श्रीमती बीचको विवादको अवस्थामा बाहेक मूलतः पति/पत्नीको आम्दानी र सम्पत्तिहरूको आधारमा सहायता निर्धारण गरिनेछ।
मासिक आम्दानीको लागि निर्देशनहरू (बोनसहरू सहित 1/12 को घरमा लगिने वार्षिक आम्दानी) निम्नानुसार हुनु।

| एकल व्यक्ति | दुईजनाको परिवार | तीनजनाको परिवार | चार जनाको परिवार |
|---|---|---|---|
| 182,000 येन वा सोभन्दा कम ( 200,200 येन वा सोभन्दा कम ) | 251,000 येन वा सोभन्दा कम ( 276,100 येन वा सोभन्दा कम ) | 272,000 येन वा सोभन्दा कम ( 299,200 येन वा सोभन्दा कम ) | 299,000 येन वा सोभन्दा कम ( 328,900 येन वा सोभन्दा कम ) |

*कोष्ठकहरूमा भएका नम्बरहरू भनेको टोकियो र ओसाका जस्ता ठूला सहरहरूका लागि मानक रकम हुन्।
*पाँचजना वा सोभन्दा बढी परिवारको हकमा प्रत्येक थप सदस्यको लागि 30,000 येन (33,000 येन) थपिनेछ।
*यदि चिकित्सा खर्च र शैक्षिक खर्चहरू जस्ता खर्चहरू छन् भने सोही अनुरुपको रकम कटौती गरिनेछ।
*यदि तपाईं बहाल वा धितो ऋण भुक्तानी गर्दै हुनुहुन्छ भने माथिको आय मानकमा निम्न सीमा दायरा भित्रको लागि पूरै रकम गणना गरिनेछ। कोष्ठकहरूमा भएका रकम टोकियोको विशेष वार्डका निवासीहरूका लागि थपिएका रकम सीमा हुन्।

| एकल व्यक्ति | दुईजनाको परिवार | तीनजनाको परिवार | चारजना वा सोभन्दा बढीको परिवार |
|---|---|---|---|
| 41,000 येन ( 53,000 येन ) | 53,000 येन ( 68,000 येन ) | 66,000 येन ( 85,000 येन ) | 71,000 येन ( 92,000 येन ) |

## मापदण्ड B स्वामित्वमा रहेका सम्पत्तिहरू निश्चित रकम भन्दा कम हुनु

नगद र बचतहरूको कुल रकमले निम्न मापदण्डसँग मेल खानुपर्छ।

| एकल व्यक्ति | दुईजनाको परिवार | तीनजनाको परिवार | चारजना वा सोभन्दा बढीको परिवार |
|---|---|---|---|
| 1.8 मिलियन येन वा सोभन्दा कम | 2.5 मिलियन येन वा सोभन्दा कम | 2.7 मिलियन येन वा सोभन्दा कम | 3 मिलियन येन वा सोभन्दा कम |